खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

KHAIRAHANI MUNICIPALITY
Office of the Municipal Executive
Khairahani, Chitwan, Bagmati Province, Nepal

प.सं. :
च.नं. :

दुधको विविधिकरणमा अनुदान कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२)

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवनको स्वीकृत वार्षिक कार्यक्रम (आ.व. २०८३/८४) अनुसार अत्याधिक दुध उत्पादन हुने समयमा सिर्जना हुने 'मिल्क होलिडे' (Milk Holiday) को समस्यालाई समाधान गर्ने तथा कच्चा दुधको प्रभावकारी सदुपयोग र व्यवसायिक बजारीकरण गर्ने उद्देश्यका साथ "दुधको विविधीकरणमा अनुदान कार्यक्रम" सञ्चालन गर्न लागिएकाले यस खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित दुग्ध उत्पादक सहकारी संस्थाहरूले कच्चा दुधलाई दहि, मोही, खुवा, रसवरी, पेडा लगायतका विविधीकृत दुग्धजन्य परिकारहरूमा रूपान्तरण गर्ने स्पष्ट कार्ययोजना, अपनाइने प्रविधि, उत्पादन रणनीति तथा बजारीकरणको खाका अनिवार्य रूपमा खुलाई यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (अर्थात् मिति २०८३/०८/०२ गते कार्यालय समयभित्र) यस नगरपालिकाको पशु सेवा शाखामा आफ्नो आधिकारिक प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैकों जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र.स.	कार्यक्रमको नाम	संचालन गरिने क्रियाकलाप	आवेदक	कैफियत
१.	दुधको विविधिकरणमा अनुदान कार्यक्रम	कच्चा दुधको विविधिकरणमा सहयोग गरिने	दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड	

संलग्न गर्नुपर्ने कागजातहरूः

१. निवेदन,
२. संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्र,
३. पान (PAN) दर्ता,
४. गत आ.व.को लेखापरीक्षण प्रतिवेदन
५. विस्तृत कार्ययोजना

२०८३/७/१२

(सुशीला अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत